लेखापरीक्षण प्रतिवेदन

दोर्दी गाउँपालिका, लमजुङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

दोर्दी गाउँपालिका, लमजुङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/744

श्रीमान् अध्यक्षज्यू,

दोर्दी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, लमजुङ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/744

श्रीमान् अध्यक्षज्यू ,
दोर्दी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, लमजुङ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, वि विध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको रु.१ अर्ब २९ करोड ३५ लाख ०२ हजार लेखापरीक्षण गरिएकोमा रु.१ करोड ५१ लाख २६ हजार (१.१७ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.२० लाख ३१ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.३८ लाख ४८ हजार, नियमित गर्नुपर्ने रु.८८ लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.३ लाख ९६ हजार रहेको छ। गत वर्षसम्म रु.१२ करोड ६४ लाख ८१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१३ करोड ६९ लाख ८६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त

व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६६	१०१	१,५१,२६,३८९	०	६३	२०,३१,८८२	०	६६	३८	१,३०,९४,५०७	३८,४८,०१३	८८,४९,७१५	३,९६,७७९	०	०	९२,४६,४९४	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
लमजुङ	१२,६४,८१,७५६	०	२५,९०,०००	१२,३८,९१,७५६	०	१,३०,९४,५०७	१३,६९,८६,२६३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	समपुरक अनुदान	१५,७१,४५९
२	२०८१/८२	यातायात सुविधा	५२,०००
३	२०८१/८२	म्यूजिक भिडियो निर्माण	१,५०,०००
४	२०८१/८२	भ्रमण भत्ता	५,२००
५	२०८१/८२	बंगुर वितरण	१,६९,०७१

६	२०८१/८२	निशुल्क पाठ्यपुस्तक अनुदान	८४,१५२
७	२०८०/८१	विद्यालय लेखापरीक्षण अनुदानः	४,९०,०००
८	२०८०/८१	भैसी खरिद अनुदान:	२१,००,०००
जम्मा			४६,२१,८८२

दोर्दी गाउँपालिका, लमजुङ

(८०४३७५०३३००)

दोर्दी गाउँपालिका , लमजुङ

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ९, क्षेत्रफल ३५०.९३ वर्ग किलोमिटर र जनसंख्या १६ हजार ५० रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय र व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१ देखि २०८२।५।४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आर्थिक वर्ष २०८१।०८२ को आय-व्ययको गरी रू.१ अर्ब २९ करोड ३५ लाख ०२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची -२ मा संलग्न छन् ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु.१३३२३५।- असुली भई सञ्चित कोष दाखिला भएको भएको छ ।

सि नं	विवरण	रकम
१	दोहोरो भत्ता भुक्तानी	१००००।-
२	दोहोरो भत्ता भुक्तानी	९०००।-
३	पब्लिक छापाखानालाई बढी दरमा भुक्तानी	५०६८०।-
४	स्वास्थ्यतर्फको पारिश्रमिक कर कट्टा नगरेको	२८७५४।-
५	सामाजिक सुरक्षातर्फको बैङ्कमा रहेको रकम फिर्ता	३४८०१।-
	जम्मा	१३३२३५।-

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत आर्थिक विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण देहाय अनुसार रहेको छ ।

विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात	०	३१२४४९५८.७४	चालु खर्च	०	३१९१२९०२२.६९
सञ्चित कोष खाता	१८९१२५०२.७८		१.पालिकातर्फ	२२२२९९७	
कार्यसञ्चालन कोष	९६०००९.५१	--	२.नेपाल सरकार समानीकरण अनुदान	८८९७९४४	
धरौटी खाता	११२४३५०२.१४		३.नेपाल सरकार सशर्त अनुदान	२२८५०८४९९.८	
प्रकोष व्यवस्थापन खाता ग ७ २	१२८९४४.३१		४. प्रदेश समानीकरण अनुदान	२७७५०९४	
यस वर्षको आय	०		५.राजस्व बाँडफाँड प्रदेश	६९२३१६५.०७	
आन्तरिक आय		१०५३८६७२.९३	६.राजस्व बाँडफाँड संघ	६८८०६७६८.८२	
१.आन्तरिक आय	९०८५८१३.६८		७.राजस्व बाँडफाँड स्थानीय	९९४५५४	
२.राजश्व बाँडफाँड स्थानीय	१४५२८५९.२५		पुँजीगत खर्च	०	१४१६७१८७०.३२
३.वित्तिय हस्तान्तरण संघ	०	४८२०१२३८७.१७	१.पालिका तर्फ	१३१७३०९७	
क. समानीकरण अनुदान (संघ)	७६८०३१२०		२.संघीय समानीकरण अनुदान	६५५३०३४०.३२	
ख.राजश्व वाँडफाँड	८६६७४५९१.११		३.संघीय सशर्त अनुदान	८२९८५३८	
ग. सशर्त अनुदान	२६०७६०५४०		४. संघीय विशेष अनुदान	१२८८७७५६	
घ.समपुरक अनुदान	१५००००००		५.संघीय समपुरक अनुदान	१५००००००	
ङ. विशेष अनुदान	१४७०००००		६.प्रदेश समानीकरण अनुदान	४३९८३४२	
च. रोयल्टी	२८०७४१३६.०६		७.प्रदेश समपुरक अनुदान	३००००००	
छ.संघसमपुरक अनुदान फिर्ता स्थानीय सञ्चित कोषमा आम्दानी	१५७१४५९	१५७१४५९	८.प्रदेश विशेष अनुदान	२१९१०००	
४.वित्तिय हस्तान्तरण (प्रदेश)	०	२३१५७२९७.४७	९.राजस्व बाँडफाँड प्रदेश सरकार	८८५०४१	

क.समानीकरण अनुदान	१०१४००००		१०. राजस्व बाँडफाँड संघ सरकार	१६३०७७५६	
ख.राजश्व वाँडफाँड	७८२६२९७.४७		अन्तर सरकारी अख्तियारी संघ	०	१३४६५०९९२.६८
ग.विशेष अनुदान पूँजीगत	२१९१०००		१.सामाजिक सुरक्षा	१२८०७९६५०	
घ.समपुरक अनुदान	३००००००		२.पर्यटन पूर्वाधार विकास आयोजना	५९८४६२०.६८	
५.अन्तर सरकारी अख्तियारी (संघ)	०	१३४६५०९९२.६८	३.विद्यालय क्षेत्रगत योजना	३९००००	
क.सामाजिक सुरक्षा	१२८०७९६५०		४.रोजगार प्रवर्द्धन कार्यक्रम	१९६७२२	
ख.पर्यटन पूर्वाधार विकास आयोजना	५९८४६२०.६८		धरौटी फिर्ता	७६७०२९८	७६७०२९८
ग.विद्यालय क्षेत्रगत योजना	३९००००		कोष खाताहरु	०	
घ.रोजगार प्रवर्दन कार्यक्रम	१९६७२२		१.कार्यसञ्चालन कोष खाता	३०५८९८८	३०५८९८८
६. कोष खाताहरु	०	९६२५१४४.८३	२.स्थानीय तह विविध कोष खात ग ५ १	०	
क.कार्यसञ्चालन कोष	३१७६२२७.८३		३.स्थानीय तह आकस्मिक कोष खाता	०	
ख.स्थानीय तह विविध कोष खाता ग ५ १	७०००००		४.प्रकोष व्यवस्थापन कोष	०	
ग.प्रकोष व्यवस्थापन कोष खाता	११००००		अनुदान फिर्ता	०	
घ.धरौटी आय	५६३८९१७		१. संघ तर्फ	०	२५७६५७४६.२
			क. सशर्त अनुदान	२३९५३५०२.२	
			ख. विशेष अनुदान	१८१२२४४	
			ग. समपुरक अनुदान	०	
			२. प्रदेश तर्फ	०	
			अन्तिम मौज्दात	०	६०८५३९९४.९३
			संचित कोष खाता	४९६२५६८०.१४	
			विविध खर्च खाता कोष ग २ ७	१०७७२४९.३४	
			स्थानीय तह विविध	७०००००	

			कोष खात ग ५ १		
			धरौटी खाता	९२१२१२१.१४	
			प्रकोप व्यवस्थापन कोष	२३८९४४.३१	
जम्मा	६९२८००९१२.८२	६९२८००९१२.८२	जम्मा	६९२८००९१२.८२	६९२८००९१२.८२

३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट २०७६।८।२० मा संशोधनसहित स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) निम्नअनुसार अनुसूचीमा संलग्न छः

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन

४.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२,८०,७९,६५०।-, पर्यटन पूर्वाधार बिकास आयोजनातर्फ रु.५८८४६२०.६८ विद्यालय क्षेत्रगत योजनातर्फ रु.३९०००० र रोजगार प्रवर्धन कार्यक्रममा रु.१९६७२२ समेत रु.१३,४५,५०,९९२.६८ सुत्रमा अद्यावधिक गरेको छैन। साथै प्राप्ती र भुक्तानीको एकिकृत विवरणमा धरौटी र कोषहरुको चालु वर्षको कारोवार पूर्णरुपमा नदेखाई आम्दानी र खर्चको फरक रकम मात्र उल्लेख गर्ने गरेकोले सुत्रबाट तयार भएको वित्तीय विवरण पूर्ण देखिदैन। तसर्थ सबै आर्थिक कारोबार सुत्रमा अद्यावधिक गरी वित्तीय विवरणलाई यथार्थपरक बनाउनुपर्दछ ।

४.२ **जिम्मेवारी :** पालिकाको प्राप्ती र भुक्तानीको एकिकृत विवरण (२७०-१) अनुसार गत वर्षको अन्तिम मौज्दात रु.३१०४०६०५।२९ रहेकोमा यस वर्ष रु.३१२४४९५८।७४ जिम्मेवारी सारेकोले रु.२०४३५३।४५ बढी जिम्मेवारी सारेको छ । पालिकाले बढी जिम्मेवारी सारेको सम्बन्धमा वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।

४.३ त्यसैगरी कोषहरुको प्राप्ती भुक्तानी र बाँकीको विवरण टिप्पणी ५ अनुसार धरौटी समेत कोषहरुको गत वर्षको मौज्दात रु १२२७१८०५।०२ रहेकोमा यस वर्ष रु १२३३२४५५।९६ जिम्मेवारी सारेको देखिएको छ। बढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले थप खुलासा गरेको छैन।

४.४ **मौज्दात विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाको यस वर्षको श्रेस्ताअनुसार बाँकी र बैङ्क स्टेटमेन्ट अनुसार बाँकी रकम निम्नानुसार रहेको छ।

खाताको विवरण	श्रेस्ता अनुसार बाँकी	बैङ्क स्टेटमेन्ट अनुसार बाँकी	फरक
स्थानीय सञ्चितकोष	४९६२५६८०.१४	४९६२५६८०.१४	०
बिविध कोष खाता	७०००००	७०००००	०
बिबिध खर्च खाता	१०७७२४९.३४	१०७७२४९.३४	०
धरौटी खाता	९२१२१२१.१४	९२१२१२१.१४	०
प्रकोप व्यबस्थापन कोष	२३८९४४.३१	२३८९४४.३१	०

५ **फरक हिसाब**

पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्तिमा रु.१७१६१३३४२.७१, यस वर्षको भुक्तानीमा रु.१७११४६०२४.७८ र मौज्दातमा रु.१५७१४५९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समावेश गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको दर्शाउने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	३१२४४९५८.७४	४८९९४२६११.३७	४६०८००८९३.०१	५९२८२५३५.९३
एकीकृत आर्थिक विवरणअनुसार	३१२४४९५८.७४	६६१५५५९५४.०८	६३१९४६९१७.७९	६०८५३९९४.९३
फरक	०	१७१६१३३४२.७१	१७११४६०२४.७८	१५७१४५९

६ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक निकायले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका स्थानीय स्तर जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। पालिकाले बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्ने व्यबस्थाको पालना गर्नुपर्दछ ।

७ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकामा उक्त समितिको बैठक एक पटक मात्र बसी स्रोत अनुमान गरेको पाइयो। समितिले सिमा निर्धारण गरी वडामा पठाएको पाइएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा गर्नुका साथै सोको पालना गर्नेतर्फ ध्यान जानुपर्दछ ।

८ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण कार्यक्रमबिच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९ **बजेट पेश पारित र अख्तियारी**

स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई

बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले २०८१।३।८ मा रु.५२ करोड ५७ लाख ६० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट २०८१।३।११ मा पारित गरेको देखियो।यसैगरी पालिका अध्यक्षले २०८१।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१० **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी जङ्गल तथा अन्य स्रोत पूर्वाधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ ।

११ **अवण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष चालुतर्फ रु.१६०००००।- अबण्डा बजेट व्यवस्था गरी कार्यपालिकाको निर्णयबाट विभिन्न कार्यमा रु.१२५७१४९।- खर्च गरेको छ। वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

क्र सं	कार्यक्रमको नाम	बजेट	खर्च
१.	विविध कार्यक्रम खर्च: बैठक अनुगमन राहत वितरण	११०००००	८०११४९
२.	संघ संस्था सहायता: भ्रमण खर्च, तोकादेश अनुसारका खर्च सवारी भाडा	५०००००	४५६०००
जम्मा		**१६०००००**	**१२५७१४९**

१२ **खर्च विश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.१०५३८६७२.९३ राजस्व बाँडफाँट र अनुदानबाट रु.४७९४०३९३८.४४ समेत रु.४८९९४२६११.३७ आम्दानी भएकोमा चालुतर्फ रु.३१९१२९०२२.६९ र पुँजीगत तर्फ रु.१४१६७१८७०।- समेत रु.४६०८००८९३.०१ खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा २.२९ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी सुबिधामा रु.१२११६१४२।- खर्च भएको छ जुन आन्तरिक आयको ११५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६८.८७ प्रतिशत चालु र ३५.४६ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। सो अनुसार पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

१३ **क्षेत्रगत बजेट**

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।पालिकाको क्षेत्रगत रूपमा कुल रू. ५४ करोड १ लाख ७३ हजार बजेट विनियोजन भई रू.४६ करोड ८ लाख अर्थात् ८५.३१ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्चको स्थिति निम्नानुसार रहेको छ ।

क्षेत्र/उपक्षेत्र	विनियोजन	खर्च	खर्च (प्रतिशत)
आर्थिक विकास	३४५९७	२४६८९	५.३५
सामाजिक विकास	२७६१९७	२४५०७६	५३.१८
पूर्वाधार विकास	७४०३०	५७४४९	१२.४६
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	९८४०	७५४८	१.६३
कार्यालय सञ्चालन तथा प्रशासनिक	१४५५०९	१२६०३९	२७.३५
जम्मा	५४०१७३	४६०८००	१००

उल्लिखित विवरणअनुसार गाउँपालिकाले कुल खर्चमध्ये सामाजिक विकासमा ५३.१८ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा २७.३५ प्रतिशत, पूर्वाधार विकासमा १२.४६ प्रतिशत, आर्थिक विकासमा ५.३५ प्रतिशत सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.६३ प्रतिशत खर्च गरेको देखियो।सो अनुसार सबैभन्दा बढी ५३.१८ प्रतिशत सामाजिक विकासमा र सबैभन्दा घटी १.६३ प्रतिशत सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र खर्च गरेको देखियो।पालिकाले प्रशासनिक खर्चमा नियन्त्रण गर्दै आर्थिक विकास एवं पूर्वाधार विकासका माध्यमबाट गरिबी निवारणमा योगदान हुने एवं सुशासन प्रवर्धन हुने क्षेत्रमा बजेट विनियोजन गरी सो अनुसार खर्च हुने प्रबन्ध मिलाउनु पर्दछ।

१४ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक रुपमा प्रगति विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहायबमोजिम रहेको छ ।

बजेट उपशिर्षक	**विनियोजित बजेट**	**कुल पुँजीगत खर्च**	**त्रैमासिक खर्च रु.हजारमा**				**आषाढ महिनाको खर्च**
			प्रथम	**दोस्रो**	**तेस्रो**	**चौंथो**	
पुँजीगत तर्फ	१७८१५३	१४१६७१	७५७८	१३००१	३३१७४	८७९१८	५६८५१
खर्च प्रतिशत		**७९.५२**	**५.३५**	**९.१८**	**२३.४२**	**६२.०५**	**४०.१३**

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजीगततर्फ रु.१७ करोड ८१ लाख ५३ हजार बजेट विनियोजन भएकोमा रु.१४ करोड १६ लाख ७१ हजार (७९.५२ प्रतिशत) खर्च भएको छ। कुल खर्चमध्ये प्रथम त्रैमासिकमा ५.३५ प्रतिशत, दोस्रो त्रैमासिकमा ९.१८ प्रतिशत , तेस्रो त्रैमासिकमा २३.४२ प्रतिशत र चौथो त्रैमासिकमा ६२.०५ प्रतिशत खर्च गरेको देखियो। उक्त खर्चमध्ये आषाढ महिनामा ४०.१३ प्रतिशत खर्च देखिनुले आषाढमा खर्चको चाप बढेको एवं सन्तुलित रुपमा खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा कार्यक्रम कार्यान्वयन गरी अन्तिम त्रैमासिक एवं आषाढमा बढी खर्च गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

१५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८१ तयार गरेता पनि सो अनुरुप निम्नानुसारका विषय कार्यान्वयन गरेको पाइएन। यस सम्बन्धमा देखिएका मुख्य बेहोराहरु देहायबमोजिम रहेका छनः

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,
- पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैङ्क नराखेको,

- पालिकाबाट सञ्चालित योजनाको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी अनुगमन प्रतिवेदन गरेता पनि सुधार गर्नुपर्ने विषय भएमा सो समेत उल्लेख गरी प्रतिवेदन एवं सुधार गर्ने नगरेको,
- कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गरी शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रूपमा नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्याङ्क शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको बुँदा नं १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविकका गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार असुल फर्स्यौट नगरेको

अतः उल्लिखित विषयमा सुधार गरी पालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई सबल बनाउनुपर्दछ ।

१६ खरिद गुरु योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा बहुवर्षीय योजना सञ्चालन एवं वार्षिक रु.१० करोडभन्दा बढीको खरिद कार्य गर्दा खरिद गुरूयोजना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष बहुवर्षिय योजना कार्यान्वयनमा समेत रु.१४१६७१८७०.३२।- पुँजीगत खरिद कार्यमा खर्च गरेकोमा खरिद गुरूयोजना तयार गरेको छैन। पालिकाले नियमावलीको व्यवस्था बमोजिम खरिद गुरूयोजना तयार गरी सो अनुरुप खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

१७ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरूमा गरिबी निवारण, उत्पादनमूलक, रोजगारी सिर्जना, लागत सहभागिता, स्थानीय स्रोत र साधनको उपयोग, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुरुप प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरसमेत कुल २२० योजनामा बजेट विनियोजन गरेको देखियो ।

क्र. सं.	विवरण	योजना संख्या	रु.२० लाखमाथिका योजना संख्या	रु.५ लाखदेखि २० लाखसम्मका योजना संख्या	रु.५लाखभन्दा कमका योजना संख्या
१.	पालिकास्तरीय	७६	१	११	६४
२.	वडास्तरीय	१४४	०	५	१३९

उल्लिखित विवरण अनुसार पालिकाले ५ लाखमुनिका साना र टुक्रे योजना कुल योजना संख्याको ९२.२७ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका २२० योजनामध्ये २११ योजना कार्यान्वयन भई ९ योजना कार्यान्वयन हुन सकेको देखिएन। पालिकाको साना योजना अधिक हुँदा प्रशासनिक खर्चमा वृद्धि भई लागत बढ्ने, प्रतिफल नदेखिने एवं अनुगमन कमजोर भई गुणस्तर

कायम गर्न कठिनाई हुने हुँदा सो तर्फ ध्यान दिई वस्तुनिष्ठ तवरले योजना प्राथमिकिकरण एवं छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१८ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की जमानतको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको अद्यावधिक अवस्था देखिन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको नदेखिएकोले सो सम्बन्धमा यकिन हुने अवस्था छैन। अतः स्वीकृत ढाँचाअनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख राख्नुपर्दछ ।

१९ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिल एवं कार्यसम्पन्न प्रतिवेदनमा सम्झौता मिति, कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने विवरण खुलाएको देखिएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिने हुँदा प्राविधिकले ठेक्का/ उपभोक्ता समितिबाट सम्पादित कार्यको बिल एवं कार्यसम्पन्न प्रतिवेदनमा वास्तविक कार्यसम्पादनमा आधारित रही इन्जिनियरिङ्ग नर्म्स अनुसारका सबै विवरण खुलाउनुपर्दछ।

२० **डी.एल.पी.अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(१) मा खरिद सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग, डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने एवं उपनियम ४ मा उपनियम (१) बमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई त्रुटि सच्चाउने अवधिमा रहेका निर्माण कार्यको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाँचवुझ गराउनु पर्नेमा सो अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा त्रुटि सच्चाउने अवधि समाप्त भएका निर्माण कार्यको नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको गर्ने यकिन सक्ने अवस्था छैन। पालिकाले त्रुटि सच्चाउने अवधिमा रहेका निर्माण कार्यको अद्यावधिक अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

२१ **योजना हस्तान्तरण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष सञ्चालन गरी कार्य सम्पन्न गरेका अधिकांश योजना सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।पालिकाले निर्मित संरचनाहरुको दीर्घकालीन उपयोग गर्न एवं उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी सोको अभिलेख राख्नुपर्दछ ।

२२ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कर्मचारी

कल्याण कोषमा रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष ऐनको व्यवस्था अनुरुपको रकम जम्मा नगरी एकमुष्ट उक्त कोषमा रु.५०००००।- जम्मा गरेको छ । पालिकाले ऐनको व्यवस्थानुसार रकम जम्मा एवं कोष सञ्चालन कार्यविधि तर्जुमा गरी प्रभावकारी रुपले कार्यान्वयन गर्नुपर्दछ।

२३ कार्य सञ्चालन तथा अन्य कोष

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष देहायबमोजिमका कोषहरु सञ्चालन गरी रु.२० लाख १६ हजार मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गर्दा खर्चमा दोहोरापना हुनसक्ने एवं मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा कोषमा रकम ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

कोषको नाम	कोष गठन भएको कानुन	सुरु मौज्दात	यो वर्ष थप	यो वर्षको खर्च	बाँकी
कर्मचारी कल्याण कोष	स्थानीय सरकार सञ्चालन ऐन	०	५०००००	०	५०००००
लैंगिक हिंसा निवारण कोष	लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि	०	१०००००	०	१०००००
बालउद्दार कोष	बाल उद्दार कोष सञ्चालन कार्यविधि	०	१०००००	०	१०००००
विविध खर्च खाता		९६०००९.५१	३१७६२२७.८३	३०५८९८८	१०७७२४९.३४
प्रकोप व्यवस्थापन कोष		१२८९४४.३१	११००००	०	२३८९४४.३१
जम्मा		१०८८९५३.८२	३९८६२२७.८३	३०५८९८८	२०१६१९३.६५

२४ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानुन बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन ७ नियमावली ३० कार्यविधि ,निर्देशिका र मापदण्ड निर्माण गरी स्वीकृत गरेका कानुन स्थानीय राजपत्रमा प्रकाशन गरेको छ ।पालिकाले निर्माण गरेका कानुनको कार्यान्यिन गर्नुपर्दछ।

२५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको १४ गरी कुल १६ विवाद दर्ता भएकोमा ११ विवाद फर्स्योट भई ५ बाँकी रहेको देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा लगाई टुङ्गो लगाउनुपर्दछ ।

२६ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्र ३३ सहकारी संस्थामध्ये १७ सहकारी संस्था एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा आवद्ध भएको देखियो । त्यसैगरी पालिकाले आबद्ध संस्थाले तोकिएअनुरुप विवरण प्रणालीमा दाखिला गरे नगरेको तथा आबद्ध नभएका सहकारीको समेत समय समयमा अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार गर्ने नगरेकोले सहकारीको सञ्चालन अवस्थाबारे विष्लेषण गर्न

सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा सम्पूर्ण विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

२७ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम रहेको छ ।

रकम रु हजारमा

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३३७५५२	१०५३९	३.१२

उल्लिखित विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको ३.१२ हिस्सा प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२८ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रु.६७ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.१ करोड ५ लाख ३९ हजार अर्थात् अनुमान भन्दा ५७.३० प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका स्रोत तथा पालिकाको आर्थिक ऐनमा उल्लेख हुने करआधार समेतको आधारमा आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने र राजश्वको अनुमान गर्दा यथार्थतातर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

२९ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	१००००००	५५०१८७	५५.०२
कृषि तथा पशुजन्यवस्तुको व्यावसायिक कर	०	३५१०५८	
अन्य कर	०	१०९७६०	
नक्सापास दस्तुर	५०००००	३८८८	०.७८
घरजग्गा वहाल कर	०	५५८३१३	
व्यवसाय कर	०	४६५४०	
वहाल विरौटी शुल्क	०	७४३३२०	

उल्लिखित विवरणबाट पालिकाले आय प्रक्षेपण अनुसार आय प्राप्त गरेको नदेखिएको एवं अनुमान नगरेका आम्दानी शिर्षकमा समेत आम्दानी भएको अवस्था विद्यमान रहेकोले आय अनुमान र प्राप्ती यथार्थपरक देखिएन। साथै, गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको र करदाताले गाउँपालिकामा कर, दस्तुर, शुल्क बुझाउन ल्याएको अवस्थामा मात्र कर, दस्तुर, शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था छैन।तसर्थ आय अनुमानलाई यथार्थपरक बनाउदै आफ्नो

कार्यक्षेत्रभित्रका करदाताहरुको अभिलेख अद्यावधिक गरी पालिकाको आर्थिक ऐनअनुसार करदाताहरुलाई करको दायारामा ल्याउनु पर्दछ।

३० **कन्टीन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले ४ प्रतिशत कन्टीन्जेन्सी खर्च गर्ने मान्यता राखी योजनाको लागत अनुमान एवं खर्च गर्दै आएकोमा यस वर्ष गरेको कन्टिन्जेन्सी खर्चको योजनागत अभिलेख राखेको छैन। जसले गर्दा पालिकाले गरेको कन्टिन्जेन्सी खर्च सार्वजनिक खरिद नियमावलीमा तोकिए बमोजिम भयो भनी यकिन गर्न सक्ने अवस्था छैन। पालिकाले योजनागत कन्टिन्जेन्सी खर्चको विवरण खुल्ने गरी अभिलेख राखि सो खर्चलाई व्यवस्थित एवं मितव्ययी बनाउनु पर्दछ ।

३१ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

क्र.स	विवरण	संख्या
१	नागरिकता सिफरिस	२०३
२	घरबाटो सिफारिस	१६८
३	नाता प्रमाणित	३९८
४	जन्म दर्ता	४५१
५	मृत्यु दर्ता	२२५

पालिकाले मूख्य उद्देश्य सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाबाट प्रवाह हुने सेवालाई थप मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनुपर्दछ।

३२ **जिन्सी निकासा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० मा तोकिएको ढाँचामा जिन्सी मालसामानहरु आम्दानी र खर्चको अभिलेख राख्नुपर्ने व्यवस्था बमोजिम म.ले.प.फा. न. ४०७ र ४०८ को व्यवस्था गरिएको छ । पालिकाले कार्यालय मसलन्द तथा अन्य सामग्रीहरु खरिद तथा दाखिला गरी भुक्तानी गरेकोमा वास्तविक कारोवार समय अनुसार माग फारामको आधारमा जिन्सी सामानहरुको निकासा खर्च गर्नुपर्नेमा सो नगरी एकैपटक दाखिला भएका सामग्रीको निकासा घटाउने तथा कतिपय सामानको खरिद बराबरको मौज्दात बाँकी रहेको पाम्सको विवरणबाट देखिन्छ । अत: पालिकाले दाखिला भएका सामग्रीको वास्तविक कारोवार समय अनुसार खर्च निकासा गर्नुका साथै बाँकी मौज्दात आगामी वर्षका लागि जिम्मेवारी सानुपर्दछ ।

३३ **लिलाम बिक्री**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को दफा ८६ बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनमा पुरानो भई काममा आउन नसक्ने टुटफुट भई बेकम्मा भएका र पुनः मर्मत नहुने भनि किटान भएका मालसामान मध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनि ठहराइएका मालसामानको परल मूल्य नखुलेको भए हाल मूल्याङ्कन भएको मूल्यमा मालसामान आर्थिक प्रशासन शाखा प्रमुख, जिन्सी अधिकृत वा जिन्सी शाखा प्रमुख समेतको राय लिई कार्यालय प्रमुखले छ महिना भित्र लिलाम बिक्री गर्नुपर्ने व्यवस्था छ। पालिकाले लिलाम गर्नुपर्ने भनी औल्याएका मालसामान लिलाम बिक्री प्रक्रिया शुरु गरेको छैन । जसको कारण कार्यालयको जिन्सी व्यवस्थित छ भन्न सक्ने अवस्था छैन। तसर्थ पुराना काम नलाग्ने मालसामान समयमै लिलाम बिक्री गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाउनुपर्दछ।

३४ पेस्की बाँकीको विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ ।साथै सोही नियमावलीको नियम ५२ मा पेस्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार फर्मलाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.४९६९९४५।- बाँकी रहेको देखिन्छ । गत विगतका पेस्की बाँकीको एकिकृत अभिलेख व्यवस्थित गरी बाँकी पेस्की सम्झौताका शर्त एवं प्रचलित नियमानुसार फर्स्यौट गर्नुपर्दछ।

ठेक्का नं	विवरण	गत वर्षको पेश्की	चालु वर्षको पेश्की	पेश्की बाँकी
१-०८१।८२	आरएम सी डी एण्ड जे भी	०	७१२९६०।-	७१२९६०।-
१४-०७६।७७	विश्वरुप निर्माण सेवा	६९००००।-		६९००००।-
१०-०७७।७८	रविना श्रेया जुगल जे भी	२८६६९८५।-		२८६६९८५।-
३-०८१।८२	गणपति कन्सट्रक्सन		७०००००।-	
	जम्मा	३५५६९८५।-	१४१२९६०।-	४९६९९४५।-

३५ म्याद नाघेको पेस्की

ठेक्का नं ४- २०७६।७७ करन्दीवेशी जोर्ने सडक स्तरोन्नती कार्यका लागि २०७७।३।२ मा निर्माण व्यवसायी विश्वरुप निर्माण सेवासँग भएको सम्झौताको विशेष शर्तको बुँदा नं.५७.१ मा सम्झौता रकमको २० प्रतिशतसम्म मोबिलाईजेशन पेस्की दिन सकिने एवं बुँदा नं ५७.३ मा ३० प्रतिशत कार्यसम्पन्न भएपश्चात प्रत्येक बिलबाट ३० प्रतिशतका दरले पेस्की कट्टा गरी सम्झौताको ८० प्रतिशत अवधि व्यतित हुँदासम्म सम्पूर्ण पेस्की रकम फर्स्यौट गर्नुपर्ने उल्लेख छ ।सो निर्माण कार्यका लागि २०७७।३।२ मा २०७७।८।२५ भित्र कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी विश्वरुप निर्माण सेवासँग रु.६९६३९३३।- को सम्झौता गरी रु.१३ लाख मोबिलाईजेशन पेस्की उपलब्ध गराएकोमा २०७८।३।२५ सम्म म्याद थप भई प्रथम रनिङ्ग बिलबाट रु.६१०००० पेस्की फर्स्यौट भई रु.६९०००० पेस्की फर्स्यौट हुन बाँकी रहेको देखियो । प्रथम रनिङ्ग बिल भुक्तानी पश्चात कुनै कार्य नभएको, सम्झौताको म्याद थप भएको एवं पेस्की जमानतको म्याद कायम रहे नरहेको खुल्ने विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले सो सम्बन्धमा यकिन गर्न सकिएन। तसर्थ सम्झौताको पुरा अवधि समाप्त हुँदासम्म पनि पेस्की फर्स्यौट नभएको एवं पेस्की जमानतको प्रमाण पेश नभएको तथा सम्झौताको म्याद कायम नरहेकोमा सम्झौताको शर्तअनुरुप पेस्की फर्स्यौट हुन नसकी जोखिममा परेको उक्त पेस्की रकम ब्याजसमेत असुल फर्स्यौट हुनुपर्ने रु.

असुल गर्नुपर्ने	६,९०,०००

३६ जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । उपदफा ४ मा कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, सन्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधीउपचार सम्वन्धित बिदा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेतको बिस्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरवन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकाको लागि विगतमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न पदमा १२५ को दरवन्दी स्वीकृत गरेकोमा ८० स्थायी पदपूर्ति एवं ३२ सेवा करार (दरवन्दी भित्रको) समेत ११२ पदपूर्ति भई सेवा सञ्चालन गरेको एवं १३ पद रिक्त रहेको देखिन्छ ।पालिकाले आवश्यकताका आधारमा दरबन्दी तथा पदपूर्तिको व्यस्थापन गर्नुपर्दछ ।

३७ तलबी प्रतिवेदन

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ रू.२३९१०७७८.३५।- र पालिकाकातर्फ रू.१८६०७१८५।- समेत रू.४२५१७९६३.५५।- तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने तथा भुक्तानीको भिडान एवं तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराई सोही अनुरुप तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३८ **प्रोत्साहन भत्ता** (865-2082-03-24):

गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ को बुँदा नं १५(१) सम्बन्धित निकायको कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरे बापत तलब बाहेकको अन्य थप सुविधा एवं अतिरिक्त भत्ता लिन नपाइने उल्लेख छ। साथै बुँदा नं १५(३) बमोजिम दैनिक कामबाहेक अनिवार्य रुपमा थप काम गर्नुपर्ने अवस्थामा थप कामको विवरण र कारण सहित अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिएर मात्र त्यस्तो काममा लगाउने र सो बापत तोकिएको सुविधा खर्च लेख्दा कार्यसम्पन्न भएको प्रगति विवरण समेत पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले १७ औ सभाको निर्णय बमोजिम मासिक प्रोत्साहन भत्ता आन्तरिक स्रोतबाट खर्च नदिई समानिकरण अनुदानबाट खर्च लेखेको छ। पालिकाको आन्तरिक आम्दानीको अवस्था कमजोर रहेको अवस्थामा मापदण्ड विपरित प्रमुख प्रशासकिय अधिकृत समेतका ६ कर्मचारीलाई रु.१९९३३१।- प्रोत्साहन भत्ता भुक्तानी गरेको उपयुक्त देखिएन । यस प्रकारका भत्ता भुक्तानी कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३९ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही उपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले अनुदान वितरणको विवरण सार्वजनिकीकरण गरी समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले कृषि, पशु कार्यक्रममा विभिन्न कृषि फर्म, कृषि व्यवसायी र कृषकहरुलाई ५० प्रतिशत लागत साझेदारीमा अनुदान वितरण गरेको देखियो ।पालिकाले पालिकाबाट बितरित अनुदानको विवरण सार्वजनिक गरी सोको उपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुदानको विवरण सार्वजनिकीकरण गर्नुका साथै अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।अनुदान वितरणका केही उदारणहरु निम्नानुसार रहेका छनः

क्र.स	कार्यक्रमको नाम	अनुदान रकम
३८-०८१।११।२६	स्पेयर र हजारी वितरण	१६५०००
३४-२०८१।१०।३०	अकबरे खुर्सानीको बिउ वितरण	१२००००
९-२०८१।७।२३	हिउँदे तरकारीको बिउ वितरण	२५००००
१२६-०८२।३।२२	खालि तथा घार सहितको गोला वितरण कार्यक्रम	४८९६००
६८-८२।१।२१	मल्चिङ प्लाष्टिक वितरण	९९७५००
४२०-०८२।३।२३	२८ खोर निर्माण डिपिङ ट्याङ्की सहित	११५२३४८
२५९-०८२।१।५	बोयर बोका वितरण	३१६७५५

४० **शीर्षक फरक पारी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा कार्यपालिकाले सभाबाट स्वीकृत बजेट सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ। साथै एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ मा तोकिएका खर्चहरु निर्धारित शीर्षकबाट लेख्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष निम्नानुसार खर्च लेख्दा सम्बन्धित शीर्षकबाट खर्च नलेखी फरक शीर्षकबाट खर्च गर्ने गरेको देखियो। अत: सम्बन्धित खर्च शीर्षकबाट खर्च नलेखी फरक शीर्षकमा खर्च लेखेको कार्य नियमसम्मत नदेखिएको रू.

भौ न मिति	खर्चलेख्नुपर्ने शीर्षक	खर्च लेखेको शीर्षक	रकम
७९-२०८१/६/२०	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार	कार्यक्रम खर्च	४५०००
१८४-०८१/८/१६	उद्धार राहत तथा पुन स्थापना	कार्यक्रम खर्च	१४८२२९
२०६-०८१/८/२५	फर्निचर तथा फिक्चर्स	कार्यक्रम खर्च	१७६७७७
८८०-०८२/३/२०	सवारी साधन मर्मत	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार	१९७५०१
७९८-२०८२/०३/२०	सवारी साधन मर्मत	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार	१५६८४४
७७४-०८२।३।१९	सवारी साधन मर्मत	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	१३१८००
४६६-०८१।१२।१३	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार	कार्यक्रम खर्च	१३४७५०
जम्मा			९९०९०१

अनियमित भएको	९,९०,९०१

४१ लघु उद्यम विकास कार्यक्रम

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं ३९ मा तालिमबाट उत्पादित सामानका वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादन परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण तथा प्रसार प्रचारको लागि कोसेली घर, सौगात गृहमा पठाउने र पठाउदा पनि बिक्री नभएमा सोको विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष निम्नानुसार लघुउद्यम अन्तर्गतका सीपमुलक कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ ।

क्र.स	तालिमको नाम	सहभागी संख्या	सञ्चालित दिन	खर्च रकम
१	डल कुशन बनाउने तालिम	२२	७	१४२२३८
२	मुढा बनाइ तालिम	१५	१०	१२६६१२

पालिकाले निर्देशिकाले तोकिएबमोजिम उल्लिखित तालिम सञ्चालन पश्चात के कति समान उत्पादन तथा बिक्री भए सो सम्बन्धमा कुनै अभिलेख राखेको नदेखिएकोले पालिकाले सीपमुलक तालिमबाट उत्पादित सामग्रीको अभिलेखिकरण गर्नुपर्ने देखिन्छ।

साथै सोही निर्देशिकाको, बुँदा नं २८ बमोजिम व्यावसायिक सीप विकास तालिम सञ्चालन गरी प्रशिक्षक खटाउदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सिटिईभिटि) बाट मान्यता प्राप्त संस्थाबाट सम्बन्धित बिषयमा विज्ञ प्रशिक्षक भनी प्रमाणित हुने प्रमाणपत्र प्राप्त व्यक्ति राख्नुपर्ने व्यवस्था छ । पालिकाले लघुउद्यम सम्बन्धी सीपमुलक तालिम सञ्चालन गर्दा तालिममा सहभागी भएको एवं कुनै सोझै सम्झौता गरी तालिम सञ्चालन गरेको देखिन्छ । यसरी प्रशिक्षक नियुक्ति गर्दा सम्बन्धित तालिमको विज्ञ प्रमाणित हुने कुनै आधार देखिएन ।अतः पालिकाले सीपमुलक तालिम सञ्चालन गर्दा प्रशिक्षक छनौट प्रकियालाई ध्यान दिनुका साथै सिटिईभिटीबाट स्वीकृत पाठ्यक्रममा आधारित भई सीपमूलक तालिम सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४२ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको र कार्यक्रमलाई व्यबस्थित रुपमा सञ्चालनको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को व्यवस्था छ । पालिकाले यो वर्ष ९ वडामा ७ वटा योजना सञ्चालन गरी ६३० सूचीकृतमध्ये ७० जनालाई औषतमा ८६.५ दिनको रोजगारी उपलब्ध गराई नेपाल सरकार र आईडिएबाट रु.४१०८२४३।- श्रमिक ज्याला खर्च लेखेको छ। योजना छनौट गर्दा योजना छनौटका आधार नखुलाएको कारण

पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजना दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भएता पनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

४३ **लघु उद्यम विकास कार्यक्रम** (661-2082-02-22):

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को प्रकरण नं. ४१(२) मा हस्तान्तरण हुने प्रविधि वा सामग्रीको कुल लागतको कम्तिमा २० प्रतिशत रकम उद्यमी स्वयमले व्यहोर्नुपर्ने व्यवस्था छ।पालिकाले पालिका चालु शिर्षकबाट पालिकाले वार्ड नं १ का महिला समुहलाई दुना टपरी उत्पादन कार्यका लागि रु.२७००००।- को मेशिन खरिद गरी समुहलाई हस्तान्तरण गरेकोमा सो समुहबाट २० प्रतिशत लागत साझेदारी नगराई हस्तान्तरण गरेको पाइयो । कार्यक्रम सञ्चालन निर्देशिकामा व्यवस्था भए बमोजिम समुहबाट रु.२७०००० को २० का दरले हुन आउने रकम रु ५४०००।- असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	५४,०००

४४ **म्यूजिक भिडियो निर्माण** (224-2081-08-24):

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४५ **बढी दरमा भुक्तानी**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं २७ मा यस कार्यक्रम अन्तर्गत सञ्चालित योजनामा श्रमिकहरुको पारिश्रमिक बापतको रकम निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्यालादरको ८० प्रतिशतले हुन आउने रकममध्ये जुन दर बढी हुन्छ सोही दर कायम हुने उल्लेख छ ।सोही अनुसार पालिकाले यस कार्यक्रम अन्तर्गतका योजनामा कार्यरत श्रमिकको दैनिक ज्यालादर रु.८६३ को ८० प्रतिशत अर्थात रु.६९० निर्धारण गरेको देखियो । मर्स्याङ्दी नदी पुलदेखि प्यार्दीखोला पुलसम्म सडक ढलान कार्यका उपभोक्ता समितिसँग रु.३२९१७५४।६२ को सम्झौता भएकोमा रु.३२८४७४४।६५ को कार्यसम्पन्न भई प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु.७५००००।- र पालिकातर्फबाट रु.२१६१८४३।-समेत रु.२९११८४३ भुक्तानी भएको देखियो।सो योजनाको Plum concrete (60% M15 & 40% boulder) कार्यको दररेट विष्लेषण गर्दा अदक्ष श्रमिकको दररेट प्रतिदिन रु.६९० राख्नुपर्नेमा रु.९६० राखी लागत अनुमान दर तयार गरेका कारण प्रतिघनमिटर दर रु.९४६२।३९ हुनेमा रु. १०५८५।५९ दर कायम भई १०८.५ घनमिटर कार्यको भुक्तानी भएको देखियो । अत: वास्तविक दररेटभन्दा बढी दररेट विष्लेषण भएका कारण उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,२१,८६७

४६ **विशेष अनुदान**

विशेष अनुदान सम्बन्धी कार्यविधि,२०८१ को बुँदा नं. ९ मा अनुदान रकम निकासा तथा खर्च प्रक्रियामा विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना वा कार्यक्रममा खर्च गर्न नपाउने व्यवस्था उल्लेख छ।पालिकाले कृषि सहकारी उत्पादन तथा बजारीकरण सुदृढीकरण कार्यक्रम र पालिकाको शैक्षिक गुणस्तर सुधारका लागि सूचना तथा सञ्चारमा आधारमा प्रविधियुक्त पूर्वाधार निर्माणमा विशेष अनुदानको कार्यक्रम रहेकोमा देहायबमोजिमका कार्यक्रम सञ्चालन गरी रु.२९५६६७३।- को कार्य उपभोक्ता समितिबाट गराएको देखिन्छ। प्रतिस्पर्धात्मक विधि अबलम्बन नगरी कार्यविधि विपरित उपभोक्ता समितिमार्फत कार्य गराएको कार्यविधिको व्यवस्था विपरित देखिएको रु.

भौचर नं / मिति	कार्यक्रमको नाम	उपभोक्ता समितिको नाम	खर्च रकम	कैफियत
१२४/ २०८२।०३।२२	पौरेखोला ढाडखेत सिँचाई कुलो निर्माण	पौरेखोला ढाडखेत सिँचाई कुलो निर्माण उ.स	७५३९७५	कृषि विशेष अनुदान
१३९/२०८२।३।२४	तल्लो पाचोक सिँचाई आयोजना	तल्लो पाचोक सिँचाई आयोजना उ.स	२५४०५६	कृषि विशेष अनुदान
४१/२०८१।११।२६	अमरज्योति प्रा.वि मर्मत	अमरज्योति प्रा.वि मर्मत उ.स	१०००००	शिक्षा विशेष अनुदान
५०/२०८१।१२।१९	बालविकास प्रा.वि मर्मत	बालविकास प्रा.वि मर्मत उ.स	४७८५५	शिक्षा विशेष अनुदान
५२/२०८१।१२।२०	लक्ष्मी मा.वि मर्मत	लक्ष्मी मा.वि मर्मत	४०५१७	शिक्षा विशेष अनुदान
५२/२०८२।०२।०४	रत्न प्रा.वि मर्मत	रत्न प्रा.वि मर्मत	१४७९९६	शिक्षा विशेष अनुदान
१७/२०८२।०१।१०	पाचोक मा.वि मर्मत	पाचोक मा.वि मर्मत उ.स	३७५४६३	शिक्षा विशेष अनुदान
९/२०८२।०२।२८	सरस्वती मोहन आ.वि स्टेज निर्माण	सरस्वती मोहन आ.वि स्टेज निर्माण उ.स	१५००००	शिक्षा विशेष अनुदान
८५/२०८२।०२।१९	लक्ष्मी नारायण मा.वि मर्मत	लक्ष्मी नारायण मा.वि मर्मत	७०५०४	शिक्षा विशेष अनुदान
७७/२०८२।०२।०८	कृष्ण प्रमोद प्रा.वि मर्मत	कृष्ण प्रमोद प्रा.वि मर्मत उ.स	९५५७४	शिक्षा विशेष अनुदान
७५/२०८२।०२।०८	फलेनी मा.वि मर्मत	फलेनी मा.वि मर्मत उ.स	२८७९०३	शिक्षा विशेष अनुदान
१११।२०८२।३।१५	सूर्योदय मा.वि मर्मत	सूर्योदय मा.वि मर्मत मा.वि	१८६८३९	शिक्षा विशेष अनुदान
१०९/२०८२।३।१२	जन विकास प्रा.वि मर्मत	जन विकास प्रा.वि मर्मत उ.स	४९९९१	शिक्षा विशेष अनुदान
११९/२०८२।०३।१६	बालकल्याण मा.वि मर्मत	बालकल्याण मा.वि मर्मत उ.स	९६०००	शिक्षा विशेष अनुदान
११७/२०८२।०३।२५	चैतन्यदय सत्य मा.वि फर्निचर मर्मत	चैतन्यदय सत्य मा.वि फर्निचर मर्मत उ.स	३०००००	शिक्षा विशेष अनुदान
जम्मा			२९५६६७३।-	

अनियमित भएको	२९,५६,६७३

४७ सफ्टवेयर खरिद

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्ने उल्लेख छ। पालिकाले दर्ता चलानी प्रणाली सफ्टवेरमा गत वर्षसम्म रु. ३ लाख भुक्तानी गरेको छ। सो सफ्टवेयर खरिदको अतिरिक्त वार्षिक मर्मत सुधारमा यो वर्ष रु.१९ हजार मर्मत खर्चसमेत हालसम्म सो सफ्टवेयरमा रु.३ लाख १९ हजार खर्च गरेको देखियो।सफ्टवेयर खरिदको आवश्यकता, सोको पूर्ण प्रयोग, सफ्टवेयर सञ्चालनको स्वीकृति नलिएको तथा सफ्टवेयरको अडिट गराएको छैन। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

४८ योजना छनौट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ।यस पालिकाले वार्षिक बजेटबाट विभिन्न समूहको भवन स्तरोन्नति लगायतका टुक्रे एवं वितरणमुखी योजनामा बजेट विनियोजन गरी खर्च गरेको छ। यस किसिमका खर्चबाट पालिकाको आर्थिक विकासमा दिगोपना नहुने हुँदा पालिकाले स्रोत साधनको सदुपयोग हुने र दिगो प्रतिफलमुखी योजना छनौट गरी खर्च गर्नु पर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन।

समूहको नाम	प्रमुख कार्य	रकम रु.
गणेश आमा समूह	समूह भवन अधुरो कार्य स्तरोन्नती	४०००००
छतिगाउ आमा समूह भवन निर्माण	समूह भवन स्तरोन्नती	५०००००
नमोबुद्ध आमा समुह	भवन स्तरोन्नती	८०००००
सात कन्या आमा समूह	समूह भवन स्तरोन्नती	६०००००

४९ **मोबाइल खरिद**

गण्डकी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन)ऐन, २०७६ को दफा ३ अनुसार गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ।त्यसैगरी कर्मचारीलाई समेत मोबाईल खरिदको सम्बन्धमा व्यवस्था गरेको देखिदैन । पालिकाले कार्यालय प्रयोजनार्थ उल्लेख गरी गो.भौ.नं ५२२ बाट मिति २०८१।१२।३१ रु.८३५००।- को आईफोन १३ र रु.५२५००। को सामसुङ १४३५ मोबाइल खरिद गरी रु १३६०००। खर्च गरेको देखियो ।पालिकाले कानुन विपरित पालिकालाई थप व्ययभार पार्ने गरी मोबाइल खरिद गरेको उपयुक्त देखिएन। यस प्रकारका खर्च गर्ने प्रवृत्ति निरुत्साहित गर्नुपर्दछ ।

५० **लागत सहभागिता** (481-2081-12-20):

गाउँ पालिकाको आर्थिक वर्ष २०८१।८२ का लागि स्वीकृत कार्यक्रम अनुसार आय आर्जन कार्यक्रममा पालिकाबाट ५० प्रतिशत अनुदान र सम्वन्धित लाभग्रहीले ५० प्रतिशत व्यहोर्ने गरी कार्यक्रम सञ्चालन गरिने उल्लेख छ। पालिकाले अपाङ्ग दलित आय आर्जन कार्यक्रम अन्तर्गत उन्नत जातका बाख्रा र कुखुराका चल्ला वितरण गर्न फलेनी कृषि तथा पशुपालन फर्मलाई रु.१०००००।- भुक्तानी गरेको देखियो।स्वीकृत कार्यक्रम अनुसार लाभग्राही कृषकले ब्यहोर्नुपर्ने ५० प्रतिशत रकम लागत सहभागिता गराई पालिकाबाट रु.५००००।- गर्नुपर्नेमा रु.१०००००।- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.५००००।- सम्वन्धित फर्मबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५०,०००

५१ **आर्थिक सहायता**

पालिकाले यस वर्ष विभिन्न ५४ संघसंस्था र व्यक्तिलाई रु.५५४६०४।- आर्थिक सहायता वितरण गरेको देखियो ।पालिकाले आर्थिक सहायता सम्बन्धी कार्यविधि, तयार गरेतापनि आन्तरिक आयलालाई विश्लेषण गरी आर्थिक सहायता वितरण गरेको देखिएन । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१०५३८६७२ को ५.२६ प्रतिशत हुन आउँछ ।पालिकाको आन्तरिक आय समेत विचार गरी मापदण्ड अनुरुप आर्थिक सहायता वितरण कार्य व्यवस्थित गर्नुपर्दछ ।

५२ **भ्रमण भत्ता** (654-2082-02-29):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **वितरणमुखी चालु खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल वा उत्पादनमा बढावा दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।नमुनाका आधारमा केही भौचर छनौट गरी परीक्षण गर्दा पालिकाले विभिन्न शिर्षकबाट निम्नानुसारका संस्था तथा समुहलाई रकम भुक्तानी दिएको देखियो। यस प्रकारका अनुत्पादक तथा वितरणमुखी कार्यक्रममा हुने खर्चलाई नियन्त्रण गरी दीर्घकालीन एवं उच्चतम प्रतिफल प्राप्त हुने कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

भुक्तानी पाउने	प्रयोजन	रकम	कैफियत
नेपाल शिक्षक संघ	आर्थिक सहयोग	२५०००	
त्रिवेणि युवा क्लव	आर्थिक सहयोग	३००००	
नव ज्योती युवा क्लव	आर्थिक सहयोग	५००००	
मर्स्याङ्दी क्याम्पस	आर्थिक सहयोग	५००००	कार्य क्षेत्र बाहिर
घलेगाँउ पर्यटन व्यवस्थापन समिति	आर्थिक सहयोग	३००००	कार्य क्षेत्र बाहिर
लमजुङ खेलकुद महोत्सव समिति	मेला महोत्सवमा आर्थिक सहयोग	६००००	कार्य क्षेत्र बाहिर
तमु ल्होसार , लेपाल मगर संघ र नेपाल तामाङ घेदुङ	मेला महोत्सवमा आर्थिक सहयोग	९००००	
मदन आश्रित भवन वेशी शहर १०	भवन मर्मत	२८८०००	कार्य क्षेत्र बाहिरको कार्य

५४ **एम्बुलेन्स मर्मत खर्च**

महालेखा नियन्त्रकको कार्यालय बाट जारी भएको सार्वजानिक सम्पत्ति व्यबस्थापन प्रणाली (PAMS) बाट यस बर्ष एम्बुलेन्स मर्मतमा रु.१८९५३० खर्च जनाइएको छ ।एम्बुलेन्स सञ्चालकले पेश गरेको विल भर्पाइमा समेत यस वर्ष मर्मतमा खर्च गरेको हुँदा पालिकाले आफ्नो मातहतका सवारी साधनको मर्मत खर्चलाइ एकद्वार प्रणाली मार्फत मर्मत कार्य गर्नुपर्दछ ।

५५ **एम्बुलेन्सको आम्दानी तथा खर्च लेखाङ्कन**

पालिकाले एम्बुलेन्स सेवा सञ्चालन तथा व्यबस्थापन कार्यविधि २०८० जारी गरी पालिका भर एम्बुलेन्स सेवा प्रदान गर्दै आएको छ । पालिकाले यस वर्ष एम्बुलेन्स सञ्चालनबाट रु.५६५५५२ आम्दानी गरेकोमा एम्वुलेन्स चालकलाई रु.५६३७७ प्रोत्साहन बापतको भुक्तानी दिएको एवं रु.१०००० मिनाह गरी रु.२०८९७५ बैङ्क दाखिला गरेको छ । कार्यवधिमा मिनाहा सम्बन्धी व्यवस्था नभएकोमा स्पष्ट आधारबेगर रकम मिनाह गरेको अनियमित देखिएको रु.

असुल गर्नुपर्ने	१०,०००

५६ **डिजिटल भिलेज प्रोफाइल** (885-2082-03-23):

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) अनुसार कुनै पनि सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। पालिकाले ०७९।१२।१४ मा डिजिटल भिलेज प्रोफाइल तयार गर्न फोर जी इन्जिनियरिङ प्रा.लि.सँग रु.१९९१०६० को सम्झौता गरेकोमा उक्त सम्झौता अनुसार बार्षिक सेवा शुल्क बापत सम्झौता रकमको १० प्रतिशतका दरले भुक्तानी गर्नुपर्ने एवं कार्यसम्पन्न पश्चात कर्मचारीलाई आवश्यकता अनुसार तालिम प्रदान गर्ने उल्लेख छ । सो अनुसार पालिकाले यो बर्ष सेवा प्रदायकलाइ रु.१९९१०६ भुक्तानी गरेको देखियो ।उक्त भुक्तानीका अतिरिक्त डिजिटल भिलेज प्रोफाइल मर्मत तथा अद्यावधिक कार्यका लागि २०८२।१।३ मा स्किल नक्स प्रा.लि. सँग रु.४९४४८८।- को सम्झौता गरी गो.भौ.न. ८५१-०८२।३।२३ बाट सम्झौता अनुसारको रकम भुक्तानी गरेको देखियो ।पालिकाको डिजिटल भिलेज प्रोफाइल अद्यावधिक गर्न पूर्ववत सम्झौता अनुसार उपलब्ध जनशक्तिलाइ आवश्यक तालिम प्रदान गरी सोही जनशक्तिबाट कार्य गराउनु पर्नेमा डिजिटल भिलेज प्रोफाइल अद्यावधिक गर्ने कार्यका लागी थप खर्च गरेको मितव्ययी एंव औचित्यपुर्ण देखिएन ।पालिकाले वास्तविक आवश्यकता यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यमा मात्र सेवा परामर्श लिइ सेवा परामर्श खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

५७ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा कार्यालयमा उपलब्ध जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा पालिकाले यो वर्ष डिजिटल भिलेज प्रोफाइल अद्यावधिक, आवधिक योजना तयारी, भू उपयोग तथा भूवर्गीकरण योजना तयारी, जेसी अडिट कार्य, इन्टिग्रेटेड बल्क म्यासेज सर्भिस लगायतका कार्यमा सेवा परामर्श शिर्षकमा रु.३४

लाख ४३ हजार खर्च गरेको छ। यसरी खर्च गर्दा खरिदको आवश्यकता, मितव्ययिता, पालिकाकै जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन।साथै यस्ता अध्ययन कार्यबाट प्राप्त दस्तावेजको पालिकाले जिन्सी अभिलेखाङ्कन गरेको छैन।यस प्रकारका अध्ययन प्रतिवेदनको गुणस्तर सुनिश्चित गर्न पालिकाको जनशक्तिबाट हुने कार्य सोही अनुरुप गराउने र नहुने भएमा मात्र सेवा परामर्श लिई कार्य गराई सोको अभिलेखाङ्कन गरी सेवाको गुणस्तर कायम गर्नेतर्फ पालिकाले ध्यान पुर्‍याउनु पर्दछ।

५८ **लागत र प्रतिफल**

पालिका अन्तर्गत सञ्चालित ४४ सामुदायिक विद्यालयमा २५६३ विद्यार्थी रहेकोमा संघ प्रदेश र स्थानीय तहको स्रोतबाट समेत जम्मा खर्च रु.१७०३८९४७०।- भएकोले प्रति विद्यार्थी लागत रु.६६४८०२।- पर्ने देखिन्छ।यस वर्ष पालिका अन्तर्गतका ८ विद्यालयबाट १९४ विद्यार्थी एसईईको परीक्षामा सहभागी भएकोमा १११ जना विद्यार्थी अर्थात ५७ प्रतिशत मात्र उत्तीर्ण भएका छन। सरकारको लगानी यस क्षेत्रमा बढी रहेको अवस्थामा शिक्षाको गुणस्तर तथा प्रतिफल थप सुधार हुनुपर्ने देखिन्छ।पालिकाले शिक्षाको गुणस्तर वृद्धि गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाई शिक्षाको गुणस्तरम सुधार गर्नेतर्फ जोड दिनुपर्दछ ।

५९ **बंगुर वितरण**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१६९,०७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६० **शिक्षक दरबन्दी अवस्था**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।

विद्यालय संख्या	स्वीकृत दरबन्दी	पदपूर्ति	पदपूर्तिमध्ये स्थायी	पदपूर्तिमध्ये करार	रिक्त	विद्यार्थी संख्या
४४	२६४	२६३	२१८	४५	१	२५६३

पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत ४४ विद्यालयमा २६४ दरबन्दी रहेकोमा २१८ पदपूर्ति भएको र पदपूर्तिमध्ये ४५ जना करार र १ पद रिक्त रहेको देखिन्छ । पालिका मातहत ४४ विद्यालयमा विद्यार्थी संख्या २५६३ रहेकोमा जम्मा विद्यालय अनुसार शिक्षक विद्यार्थी अनुपात १:९ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएका विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएको विद्यालय सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

६१ **बालविकास सहजकर्ता**

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ को प्रथम संशोधन, २०७५ ले प्रारम्भिक बालविकास तथा पूर्वप्रथमिक शिक्षालाई एउटा विद्यालयमा २५ जना सम्मको लागि विद्यालय भित्र छुट्टै कक्षा कोठा र १ जना तालिम प्राप्त सहजकर्ता (इसीडी) व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिका अन्तरगत सञ्चालित देहायका ७ विद्यालयले मार्गदर्शक पुस्तिकामा उल्लेख भएको व्यवस्था भन्दा देहायबमोजिम ८ बढी बालबिकास सहजकर्ता कार्यरत रहेको देखिन्छ । यसबाट बालविकास सहजकर्ताको पारिश्रमिक खर्चमा वार्षिक रु.१८४८०००।- थप व्ययभार परेको देखिन्छ ।अत: मार्गदर्शक पुस्तिकामा उल्लेख भए भन्दा बढी सहजकर्ता राखेको नियमसम्मत नदेखिएको रु.

क्र.स	विद्यालयको नाम	विद्यार्थी संख्या	कार्यरत बालविकास सहजकर्ता संख्या	बढी संख्या	वार्षिक खर्च
१	श्री पाचक मा.वि	१२	२	१	२३१०००
२	श्री फलेनी मा.वि	१५	२	१	२३१०००
३	श्री जीवन अमर आ.वि	२५	३	२	४६२०००
४	श्री अलैचे केदार मा.वि	२४	२	१	२३१०००
५	श्री भगेरी प्रा.वि	१२	२	१	२३१०००
६	श्री सरस्वती मोहन प्रा.वि	१२	२	१	२३१०००
७	श्री हिमालय क्षेत्रसिन प्रा.वि	१४	२	१	२३१०००
जम्मा वार्षिक खर्च				८	१८४८०००।-

अनियमित भएको	१८,४८,०००

६२ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ को परिच्छेद १५ को नियम ७७ मा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिका बाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा ४४ सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात सबैभन्दा धेरै १:३३ बालविकास प्रा.वि र सबैभन्दा कम रत्न प्रा.वि र नवदुर्गा प्रावि मा १:२ रहेकोमा निम्नानुसार ३५ विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:१० भन्दा कम रहेको देखिन्छ । सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोकेबमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेता पनि पूर्ण रुपमा कार्यान्वयन गरेको देखिएन । पालिकाले आवश्यकता र अनुपात मिल्ने गरी शिक्षक दरबन्दी मिलान गर्नुपर्दछ ।

क्र.स	विद्यालयको नाम	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	सूर्योदय मा.वि	१७	१५१	१:९
२	लक्ष्मी नारायण मा.वि	१७	११४	१:७
३	पाचोक मा.वि	१९	२३२	१:१२
४	लक्ष्मी मा.वि	१४	९३	१:७
५	चैतन्योदय सत्य मा.वि	१९	२२६	१:१२
६	फलेनी मा.वि	२०	२६२	१:१३
७	जयदेवी मा.वि	१६	९८	१:६
८	बालकल्याण मा.वि	१६	६७	१:१२
९	ढोडेनी आ.वि	१०	६०	१:६
१०	सिर्जनशील आ.वि	१०	१०४	१:१०
११	अमरज्योति आ.वि	१२	१९५	१:१६
१२	भगवान आ.वि	११	७५	१:७
१३	जीवन अमर आ.वि	१२	६०	१:५
१४	बराह मिलन आ.वि	९	४०	१:४
१५	सरस्वती मोहन आ.वि	१२	५०	१:४
१६	रत्न प्रा.वि	७	१५	१:२
१७	बालविकास प्रा.वि	२	६७	१:३३
१८	अर्लैँचे केदार प्रा.वि	८	३७	१:४
१९	भँगेरी प्रा.वि	६	२६	१:४
२०	चैतन्योदय प्रा.वि	४	१६	१:४
२१	इलमदेवी प्रा.वि	३	२५	१:८
२२	नवदुर्गा प्रा.वि	३	६	१:२
२३	मनकामना प्रा.वि	२	७	१:३
२४	जुमडाडाँ प्रा.वि	१	७	१:७
२५	विन्धवासिनी प्रा.वि	५	३६	१:७
२६	बालकन्या प्रा.वि पाचोक	३	१८	१:६
२७	मनहरी प्रा.वि	४	२६	१:६
२८	हिमालय प्रा.वि	४	२५	१:६
२९	सिद्व प्रा.वि	४	३१	१:८
३०	महेन्द्रज्योति प्रा.वि	२	८	१:४

३१	हिमालचुली प्रा.वि	२	१५	१:७
३२	जनविकास प्रा.वि	४	१९	१:५
३३	दिपेन्द्रज्योति प्रा.वि	२	७	१:३
३४	हिमालय क्षेत्रसिंह प्रा.वि	७	४२	१:६
३५	विरेन्द्रशीला प्रा.वि	५	४९	१:१०
३६	गणेश प्रा.वि	२	८	१:४
३७	अमरज्योति प्रा.वि	४	१७	१:४
३८	कृष्ण प्रमोद प्रा.वि	४	३०	१:७
३९	भूमेस्थान प्रा.वि	४	४१	१:१०
४०	कोपिला प्रा.वि	२	१०	१:५
४१	रामजीवन प्रा.वि	४	२५	१:६
४२	बालकन्या प्रा.वि ढोडेनी	१	५	१:५
४३	कर्मोदय प्रा.वि	२	११	१:५
४४	सरस्वती मिलन प्रा.वि	२	७	१:३

६३ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को बुँदा नं ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने र बुँदा नं ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयमा कक्षा ६ भन्दा माथिका छात्रा ४८० जना रहेकोमा यो वर्ष पालिकाले २०८२।०३।१८ मा ६८५० प्याकेट स्यानिटरी प्याड रु.६८५०३४ मा खरिद गरी खर्च लेखेको देखियो। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तरमा खरिद गरेका कारण भण्डार शाखामा ३३०० प्याकेट स्यानिटरी प्याड मौज्दातमा रहेको देखिन्छ। खरिद गरिएका प्याड भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा तोकिएअनुरुप प्याड खरिद गरी वितरण गर्नुपर्दछ।

साथै सोही कार्यविधिको बुदा नं १५ मा स्थानीय तहले सामुदायिक विद्यालयका छात्रालाई आवश्यक पर्ने स्यानिटरी प्याड समयमै वितरण भए नभएको एवं प्रयोग भएका प्याड वातावरणमा प्रतिकुल असर नपर्ने गरी विसर्जन भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्ने उल्लेख छ ।पालिकाले सो सम्बन्धमा अनुगमन गरेको देखिएन । पालिकाले कार्यविधिमा उल्लेख भएबमोजिम अनुगमन गरी गुणस्तरयुक्त स्यानिटरी प्याड उपयोगको सुनिश्चितता गर्नुपर्दछ ।

६४ **निशुल्क पाठ्यपुस्तक अनुदान** (378-2082-03-16):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१७,३९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२,७३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१६,४१६**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **९,६५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१५,०४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१५,२९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **७,६१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६५ **स्वकिय सचिब**

गण्डकी प्रदेशले जारी गरेको गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिको सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ मा गाउँपालिका अध्यक्षले स्वकिय सचिव राख्नु परेमा पालिकाको आन्तरिक आयबाट खर्च व्यहोर्ने गरी राख्न पाउने व्यवस्था छ। पालिकाले संघीय राजश्व बाँडफाँडबाट प्राप्त रकमबाट स्वकिय सचिव हरि बहादुर घिमिरेलाई सहायक चौथोको रुपमा नियुक्त गरी तलव खर्च शिर्षकबाट रु.४२७७२६। भुक्तानी गरेको देखियो । पदाधिकारी सूबिधा शिर्षकबाट खर्च लेख्नुपर्नेमा तलब खर्च शिर्षकबाट खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४,२७,७२६

६६ **यातायात सुविधा** (155-2081-07-29):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६७ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र २५ लाख भन्दा माथि ठेक्का प्रक्रिया मार्फत खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष औषधी खरिद कोटेशन मार्फत १९८९९५।- र ठेक्का मार्फत रु.१३५८५९४ ।- समेत रु.१५५७५५८।- को औषधी खरिद गरेको देखिन्छ । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको
- खरिद भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको
- औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधि जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६८ **औषधीको म्याद**

औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ मा खरिद गरिएको औषधिको म्याद कम्तिमा १८ महिना रहेको हुनुपर्ने उल्लेख छ। गाउँपालिका स्वास्थ्य चालु कार्यक्रमबाट पालिकाले रु.३२९१३४ को औषधि खरिद गरेकोमा खरिदको बिलमा म्याद खुलाएको नदेखिएकोले औषधिको म्याद सम्बन्धमा यकिन गर्न सकिएन। तसर्थ पालिकाले कानुनमा भएको व्यवस्थाबमोजिम म्याद खुलाई औषधी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६९ **ढुवानी खर्च** (384-2082-03-17):

सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८१।०८२ अनुसार स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयूर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महङ्गी भत्ता र पोशाक भत्ता बजेट शिर्षकबाट कर्मचारीको तलब, महङ्गी भत्ता, पोशाक भत्ता लगायत अनिवार्य दायित्वमाबाहेक अन्य शिर्षकमा रकम विनियोजन गर्न नपाईने उल्लेख छ । पालिकाले स्थानीय तहका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरबन्दी अनुसारको तलब भत्ता शिर्षकबाट स्वास्थ्य चौकीमा कार्यरत कार्यलय सहयोगीहरुलाई देहायबमोजिमको दरमा ढुवानी खर्च लेखेको देखिन्छ ।मार्गदर्शनमा तोकेको शिर्षकभन्दा फरक शिर्षकबाट ढुवानी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

क्र.स	नाम	संस्था	दर	संख्या	रकम
१	दिनेश भुजेल	भारते स्वास्थ्य चौकी	१०००	२३	२३०००
२	कमला वि.क	अर्चलेबोट स्वास्थ्य चौकी	५००	४०	२००००
३	सत्य देवी ढकाल	अलैचे क्लिनिक	३००	२८	८४००
४	स्मृती गुरुङ	श्रीमभञ्याङ स्वास्थ्य चौकी	५००	१३	६५००
५	सोम राज गुरुङ	नौथर स्वास्थ्य चौकी	४००	२०	८०००
६	मन कृष्ण गुरुङ	पाचोक स्वास्थ्य चौकी	७००	१२	८४००
७	बुधराज घले	ढोडेनी स्वास्थ्य चौकी	८००	३५	२८०००
८	आइत बहादुर घले	फलेनी स्वास्थ्य चौकी	१०००	३०	३००००
९	साउनी मायाँ घले	वन्सार स्वास्थ्य चौकी	७००	२५	१७५००
१०	कुम रास गुरुङ	हिलेटक्सार स्वास्थ्य चौकी	१०००	३२	३२०००
११	महाकाली गुरुङ	नौथर शहरी स्वास्थ्य ईकाई	२००	३४	६८००
१२	सविता गुरुङ	सिमीताज शहरी स्वास्थ्य ईकाई	१०००	२८	२८०००
१३	मनलाल गुरुङ	स्वास्थ्य शाखा	१०००	१४	१४०००
जम्मा					२३०६००।-

अनियमित भएको	२,३०,६००

७० **सामाजिक सुरक्षा तथा संरक्षण**

७०.१ **लगत अद्यावधिक:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं.४ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१)मा उल्लेखित समयाबधि भित्र सम्बन्धित पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ। साथै बुँदा नं ११ मा मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा

वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखमा कट्टा गर्नुपर्दछ। पालिकाले सो सम्वन्धी विवरण पूर्णरुपमा अध्यावधिक गरेको पाइएन। तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७०.२ **निकासा खर्चः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष रु.१२८२७६६७२।- बैकिङ प्रणालीमार्फत लाभग्राहीको बैङ्क खातामा वितरण गर्न पठाएकोमा तीन चौमासिकको हिसाव मिलान गरी वितरण नभई बाँकी रहेको रु.१८२३४० बैङ्क फिर्ता दाखिला भएको छ ।

७१ सोझै खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्ति फर्म बाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले मसलन्द कार्यालय सामग्रीतर्फ रु.२५०००००.बजेट विनियोजन गरेकोमा २५ लाख नै सोझै खरिद गरी खर्च गरेको छ ।त्यस्तै फर्निचर तथा फिक्चर्स मा रु.१८०००००।बजेट विनियोजन गरेकोमा रु.१७९३००० खर्च गरेको छ। अनुमानयोग्य सामान टुक्रा पारी खरिद नगरी बोलपत्र वा शिलवन्दी दरभाउ पत्रबाट खरिद गर्नुपर्नेमा ऐनको मर्म विपरित टुक्रा पारी सोझै खरिद गरेको उपयुक्त देखिएन।नियममा उल्लेख भए अनुसार प्रतिस्पर्धात्मक विधि अबलम्बन गरी खरिद कार्य गर्नुपर्दछ। नमुना परीक्षण गर्दा देखिएका उदारण निम्नानुसार छन।

भौ नं र मिति	विवरण	फर्म / सप्लायर्सकव नाम	भुक्तानि रकम
७४।०८१।३।१५	कार्यालय सामान	अस्मिता ट्रेड कन्सर्न	९९५५२२
४२१।०८१।३।१५	कार्यालय सामान	श्रृष्टी सप्लायर्स	६४४०६६
४७१।०८२।३।२४	फर्निचर तथा फिक्चर्स	सिटिजन फर्निचर उधोग	९७३७९९
	फर्निचर तथा फिक्चर्स	पाल्पा भैरव फर्निचर	७९७९९९

७२ महत्वपूर्ण क्षेत्रको नक्साङ्कन

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा रु.१ लाखसम्मको निर्माण कार्यका लागि सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीबाट स्वीकृत लिनुपर्ने व्यवस्था छ। पालिकाले फलेनि क्षेत्र भित्रका महत्वपुर्ण क्षेत्रको नक्साङ्कन गरेको भनी वडा सचिव (सव ईन्जिनियर) सुष्मा गरुङलाई बिल भर्पाईका आधारमा रु.१९२५००। भुक्तानी गरेको छ। उक्त कार्यको लागि एक तह माथिको अधिकारीबाट पूर्वस्वीकृति लिएको देखिदैन। साथै लागत अनुमान तयार गर्ने, दररेट स्वीकृत गर्ने, कार्यादेश दिने, नापजाच गर्ने, बिलहरु सिफारिश गर्ने र भुक्तानी पनि निज सचिवले नै लिएको देखिन्छ। सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भएको नियम विपरित पूर्व स्वीकृति बेगर खर्च लेखेको अनियमित देखिएको रु.

अनियमित भएको	१,९२,५००

७३ व्यामशाला निर्माण (147-2081-12-13):

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपभोक्ता समिति मार्फत नौथर खुला व्यायमशाला निर्माणका लागि आवश्यक सामान खरिद गरी रु.७०००००।भुक्तानी गरेकोमा सार्वजनिक खरिद ऐन नियमावलीमा

व्यवस्था भए बमोजिम स्पेशफिकेशन एवं लागत अनुमान तयारी एवं स्वीकृत नगरी खरिद कार्य गरेको उपयुक्त देखिएन।सार्वजनिक खरिद कानुनमा उल्लिखित व्यवस्थानुसार खरिद कार्य व्यवस्थित गर्नुपर्दछ।

७४ **उपभोक्ता समितिमार्फत कार्य**

गण्डकी प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी एकिकृत कार्यविधि, २०८१ को बुँदा नं. १०(१७) मा वित्तीय हस्तान्तरण अन्तर्गत सञ्चालन हुने विशेष तथा समपुरक अनुदानका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्न नपाईने उल्लेख छ । पालिकाले प्रदेश सरकार विशेष अनुदान कार्यक्रम घलेगाउँ स्याल्कु काल्चे खेपुवा गाउँ तथा पाँचोक खानेपानी आयोजना अन्तर्गत ३ इन्टेक, २२ धारा र ४ रिजभर्रायर ट्याङ्की लगायतका निर्माण कार्यका लागि उपभोक्ता समितिसँग २०८१।१२।२९ मा २०८२।३।१० भित्र कार्य सम्पन्न गर्ने गरी विशेष अनुदानबाट रु.४० लाख र बाँकी पालिकाले साझेदारी गर्ने गरी रु.४५०९६७७।३४ को सम्झौता गरेको देखियो।यस वर्ष रु.२३७५६००।३७ को मात्र कार्य भएकोले निर्माण कार्य अधुरो रहेको देखियो।विशेष अनुदान कार्यक्रमबाट यस वर्ष उपभोक्ता समितिलाई रु.२१०७११३।-भुक्तानी भएकोमा उपभोक्ता समितिमार्फत कार्य गराएको कार्यविधि अनुकूल नदेखिएको रु.

अनियमित भएको	२१,०७,११३

७५ **बेलघारी नौथर शेरा नयाँबस्ती सडक स्तरोन्नती (ठेक्का नं.२-०८१।८२)**

७५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ।सडक बोर्डको ७० प्रतिशत र पालिकाको ३० प्रतिशत लगानी हुने गरी ठेक्का व्यवस्थापन भएको ठेक्का नं.२-०८१।८२ बेलघारी नौथर शेरा नयाँबस्ती सडक स्तरोन्नती कार्यका लागि २०८१।१२।२२ मा २०८२।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी ओम साई निर्माण सेवासँग रु.२५२५४७७।७७ को सम्झौता भई रु.२०६४१९१।१४ को कार्य भई भुक्तानी भएकोमा सो अनुसार ४ प्रतिशतका दरले हुने ८२५६८।– कन्टीन्जेन्सी खर्च लेख्न मिल्नेमा पालिकाले रु.१७८७७०।– खर्च लेखेकोले बढी खर्च लेखेको अनियमित देखिएको रु.

अनियमित भएको	९६,२०२

७५.२ सडक बोर्डको ७० प्रतिशत र पालिकाको ३० प्रतिशत लगानी हुने गरी ठेक्का व्यवस्थापन भएको ठेक्का नं.२-०८१।८२ बेलघारी नौथर शेरा नयाँबस्ती सडक स्तरोन्नती कार्यका लागि २०८१।१२।२२ मा २०८२।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी ओम साई निर्माण सेवासँग रु.२५२५४७७।७७ को सम्झौता भएको देखियो। २०८२ आश्विन मसान्तसम्म म्याद थप भएको सो निर्माण कार्यको गो.भौ.नं.३-२०८२।३।२५ बाट प्रथम रनिङ्ग बिलवापत रु.२०६४१९१।- को कार्य भई भुक्तानी भएकोमा सडक बोर्डतर्फबाट रु.१७३९७२८।- र बाँकी रु.३२४४६३ एवं कन्टीन्जेन्सीबापतको रु.१७८७७० समेत रु.५०३२३३।- पालिका तर्फबाट भुक्तानी भएको देखियो। अत: तोकिएअनुसार कन्टीन्जेन्सीसमेत रु.१९१८४९८।- को ७० प्रतिशतले हुने रकम रु.१३४२९४९।- मात्र सडक बोर्डतर्फबाट खर्च लेख्नुपर्नेमा रु.१७३९७२८।- खर्च लेखेकोले बढी खर्च लेखेको रु.३९६७७९।- सडक बोर्डमा फिर्ता हुनुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	३,९६,७७९

७६ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माण कार्य गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २.८ देखि ३२.६६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाले स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी योजना फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएता पनि

न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।यस प्रकार सम्झौता भएका केही योजनाको विवरण देहाय अनुसार छ।

क्र.सं.	**योजनाको विवरण**	**ठेक्का नं.**	**बोलपत्रदाता**	**लागत अनुमान**	**सम्झौता रकम**	**घटी प्रतिशत**
१	इलम पोखरी मन्दिर निर्माण	३-८१/८२	गणपति कस्ट्रक्सन	७२५३९४६	७०५०३९४	२.८
२	नयाँबस्ती कुप्लिङ्ग कामचोक बाँसबोट गैचे सडक आयोजना	१-८१/८२	आर एम एण्ड श्री एण्ड जेभी	१५४८२४८७	१०२७०८८८	३३.६६
३	बेलघारी नौथर शेरा नयाँवस्ति सडक स्तरोन्नति	२-८१/८२	ओम साईराम निर्माण सेवा	३११०९३५	२५२५४७७	१८.८२

७७ **बीमा गर्नुपर्ने**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूण जोखिम बहन गर्ने गरी बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।सोही नियमावलीको नियम ११२ को उपनियम (३क) मा उपभोक्ता समितिबाट २० लाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा वापतको खर्च बेहोर्ने रकम समावेश गरी सोही रकमबाट बीमा गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न उपभोक्ता समितिमार्फत कार्य गराएकोमा बीमा नगराई निर्माण कार्य गरेको देखिन्छ। नियमावलीको व्यवस्था बमोजिम बीमा गराएर मात्र निर्माण कार्य गर्नुपर्दछ ।

क्र.स	**निर्माण व्यवसायी/उपभोक्ता समिति**	**सम्झौता रकम**
१	दारिम्बोट फलनी नागी काम्रो नोटाचे हुदै मेमेपोखरी पैदलमार्ग उ.स	२८८४४४५
२	सम्टु बौद्ध गुम्बा निर्माण उ.स	२७९०६२७
३	घले गाउँ स्याल्कु काल्चे खेपुवा गाउँ तथा पाचोक खानेपानी आयोजना उ.स	४५०९६७७

७८ **समपुरक अनुदान**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१,५७१,४५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७९ **योजनाको म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सक्ने व्यवस्था छ। पालिकामा कार्यान्वयनमा रहेका निम्नानुसार ५ योजनामध्ये १ योजनाको ५० प्रतिशतसम्म, २ योजनाको ५० प्रतिशत देखि सत प्रतिशतसम्म र २ योजनाको सो भन्दा बढी म्याद थप गरेको देखियो। यसरी काबु बाहिरको परिस्थितिबाहेक पूर्वनिर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गरेको औचित्यपूर्ण देखिएन ।वस्तुनिष्ठ आधारबेगर पटक पटक म्याद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

क्र.सं.	योजनाको नाम	खरिद सम्झौता		
		सम्झौता मिति	शुरु सम्झौतानुसार सम्पन्न गर्नुपर्ने मिति	म्याद थप अनुसार सम्पन्न गर्नुपर्ने मिति
१	गाउँपालिकाको प्रशासनिक भवन निर्माण	**२०८०।३।२१**	२०८२।३।२५	**२०८२।६।३०**
२	इलमपोखरी मन्दिर निर्माण	२०८२।१।१७	२०८२।३।१५	२०८२।९।३०
३	नयाँबस्ती कुप्लिङ्ग कामचोक बाँसबोट गैचे सडक निर्माण	२०८१।९।२१	२०८२।२।२०	२०८२।६।२२
४	बेलघारी नौथर शेरा नयाँबस्ती सडक स्तरोन्नती	२०८१।१२। २२	२०८२।३।१५	२०८२।६।२०
५	चिस्यान गृह निर्माण	२०७८।४।२४	२०८०।३।२४	२०८२।६।३०

८० **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजिगत शिर्षकबाट रु.१४ करोड १६ लाख ७२ हजार खर्च गरेकोमा रु.७ करोड ६६ लाख २९ हजार अर्थात ५४.०९ प्रतिशत बोलपत्रमार्फत खरिद गरी खर्च गरेको छ। कुल खर्चमध्ये सोझै रु.५५ लाख ६९ हजार र उपभोक्ता समितिबाट रु.५ करोड ९४ लाख ७४ हजारको खरिद कार्य गरेको छ। सोझै तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

८१ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले ठेक्का नं.१-०८१।८२ नयाँवस्ती कुम्लीङ्ग कामचोक बाँसबोट सडक निर्माण कार्यका निर्माण व्यवसायी आर एम सि डी एण्ड जेभीलाई गो.भौ.नं. ४६७-०८२।३।२४ बाट दोस्रो रनिङ्ग बिलवापतको रकम भुक्तानी गर्दा ठेक्का बिल अनुसार २ प्रतिशत छुटपश्चातको बिल रकम रु.११५२६२६।२३ मा मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम रु.४४५९६।३६ समेत रु. १३४७०६४।– भुक्तानी दिनुपर्नेमा रु.१४००२२५।– भुक्तानी गरेको देखियो । अत: ठेक्का बिलभन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	५५,१६१

८२ **चिस्यान गृह निर्माण**

८२.१ **सम्झौता विपरित पेश्की:** पालिका र रविना श्रेया जुगल जे.भी. बिच ठेक्का नं १८-०७७।७८ चिस्यान गृह निर्माणका लागि २०७८।४।२४ मा २०८०।३।२४ भित्र कार्यसम्पन्न गर्ने गरी रु.२८६७९६८५।७९ (मू अ कर र पिएसबाहेक) को सम्झौता भएकोमा सो सम्झौताको विशेष शर्तको बुँदा नं ५७.१ मा निर्माण व्यवसायीलाई २ किस्तामा सम्झौता रकमको ५/५ प्रतिशतका दरले मोबिलाईजेशन पेश्की दिन सकिने उल्लेख छ ।पालिकाले निर्माण व्यवसायीलाई गो.भौ.नं. १३-२०७८।८।२२, २०७८।९।२, २०७९।२।२० बाट क्रमश: रु. ७१६५००।-, रु.७१६५००।– र रु.१४३३०००।– समेत रु.२८६६०००।-पेश्की प्रदान गरेकोमा पुन: गो.भौ.नं. ४२८-२०८०।३।२४ बाट रु.२८६६९८५।– पेश्की उपलब्ध गराएको देखियो ।यसरी सम्झौताको विशेष शर्तमा तोकिएको भन्दा बढी पेश्की प्रदान गरेको कार्य सम्झौता विपरित देखिएको एवं २०७९।८० पश्चात कुनै पनि कार्य भएको नदेखिएकोले सो पेश्की रकम ब्याजसहित असुल फर्स्यौट हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२८,६६,९८५

८२.२

चिस्यान गृह निर्माणः पालिकाले ठेक्का नं १८-०७७।७८ चिस्यान गृह निर्माणका लागि २०७८।४।२४ मा २०८०।३।२४ भित्र कार्यसम्पन्न गर्ने गरी रविना श्रेया जुगल जे.भी. सँग रु.३२७९३०४४।९४ को सम्झौता गरेको देखियो।सो अवधिमा तेस्रो रनिङ्ग बिलसम्म रु.८०८१९९७।६१ को कार्य भई भुक्तानी भएकोमा सो पश्चात कुनै कार्य भएको देखिएन ।संघीय सरकार बिशेष अनुदान कार्यक्रम अन्तर्गत ठेक्का व्यवस्थापन भई कार्य भएको उक्त निर्माण कार्यको निर्माण व्यवसायीले २०८०।१२।१८ मा आर्थिक मन्दी, तरलता र निर्माण सामग्री अभाव लगायतका कारण कार्य सम्पन्न हुन नसकेको भनी म्याद थप माग गरेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०क (तेह्रौ संशोधन) बमोजिम कार्यपालिकाबाट २०८२।३।२२ सम्म म्याद थप भएको र २०८१।५। २४ को कार्यपालिकाको निर्णयानुसार संघीय सरकारबाट प्राप्त हुनुपर्ने रकम रकम प्राप्त नहुँदा अधुरो रहेकोले कृषि उत्पादन तथा बजारीकरण सुदृढीकरण आयोजना शिर्षकमा प्राप्त रकमबाट रु.५० लाख खर्च लेख्ने निर्णय गरेता पनि यस वर्ष कुनै कार्य भएको देखिएन।सो निर्माण कार्यको सन्दर्भमा २०८२।३।४ को कार्यपालिकाको बैठकको निर्णयमा विनियोजन बमोजिम कार्य नगरे प्रचलित कानुनबमोजिम कारवाहिका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गरी पठाउने उल्लेख गरेकोमा निर्माण व्यवसायीले २०८२।२।११ मा दोस्रोपटक म्याद थपका लागि अनुरोध गरेको र कार्यपालिकाको २०८२।३।१० को निर्णयानुसार २०८२।६।३० सम्म म्याद थप भएको एवं कुनै कार्य नभएको देखिएकोले कार्यपालिकाले आफ्नै निर्णय विपरित पटक पटक म्याद थप गर्नुको औचित्यता पुष्टि हुन सकेन।सार्वजनिक खरिद कानुन एवं सम्झौतानुसार कारवाहि गरी सो निर्माण कार्यको व्यवस्थापन गर्नुपर्दछ ।

८३ **अधुरो निर्माण कार्य**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ मा बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्नुपर्ने एवं ठेक्का सम्झौताको म्याद थप गर्दा कार्यसम्पादन जमानतको समेत म्याद थप गर्नुपर्ने व्यवस्था छ ।साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(३ख) मा सेवा प्रदायक वा व्यवसायीले काम नगरेको कारणबाट सार्वजनिक निकायले काम गराउनु पर्दा लागेको थप लागतको दायित्व निज व्यवसायीले व्यहोर्नु पर्ने व्यवस्था छ। पालिकाले प्रदेश सरकार वित्तीय हस्तान्तरित सशर्त पुँजीगत कार्यक्रम अन्तर्गत ठेक्का नं ४- २०७६।७७ करन्दीवेशी जोर्ने सडक स्तरोन्नती कार्यका लागि २०७७।३।२ मा २०७७।८।२५ भित्र कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी विश्वरुप निर्माण सेवासँग रु.६९६३९३३।- को सम्झौता गरेकोमा २०७८।३।२५ सम्म म्याद थप भई सो अवधिमा रु.२१२७१६३।०९ को कार्यको भुक्तानी भएको देखियो । तत्पश्चात उक्त निर्माण कार्यको म्याद थप भएको नदेखिएको एवं कृषि विकास बैङ्कबाट जारी रु.१०७०००० को कार्यसम्पादन जमानत (पी बि ०११८/००११/५१२८/२०) को म्यादसमेत २०७८।४।२५ सम्म रहेकोमा थप भएको प्रमाण पेश नभएको एवं निर्माण कार्य अधुरो रहेको पाइयो। पालिकाले तोकिएको समयमा कार्य सम्पन्न नगरेकोमा कार्य तालिका अनुसार कार्य गर्न व्यवसायीलाई निर्देशन नदिएको एवं सो योजनाका लागि बजेट समेत विनियोजन गरेको छैन । सम्झौताको शत प्रतिशत भन्दा बढी अवधि समाप्त हुँदा पनि निर्माण व्यवसायीले कार्य नगरेको कारणले योजना अधुरा रहेको छ। यस्तो अवस्थामा सम्बन्धित व्यवसायीको कार्य योजना लिएर निर्माण कार्य गर्नुपर्दछ। सो अनुसार कार्य नगर्ने व्यवसायीको कारणबाट योजनाको समय र लागत वढ्दै गएको अवस्थामा ठेक्काको अवस्था विश्लेषण गरी उल्लिखित कानुनी व्यवस्था अनुसार बैकल्पिक माध्यमले कार्य गरेर बढी दायित्व आउने लागत सम्बन्धितबाट भराउने गरी कार्य सम्पादन गराउनु पर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : दोर्दी गाउँपालिका, लमजुङ , दोर्दी गाउँपालिका , लमजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Hem Raj Kafle	२०८०-६-१६	हाल सम्म कार्यरत
लेखा प्रमुख	ताराचन्द्र ढकाल	२०८०-११-२३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,९८९,३६५	८,८४९,७१५	२,२८७,३०९	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१५,१२६,३८९
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					२,०३१,८८२
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१३,०९४,५०७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३१२४४९५८.७४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३६८८३५११९	चालु खर्च	३१९१२९०२२.६९
प्रदेश सरकारबाट अनुदान	१५३३१०००	पूँजीगत खर्च	१४१६७१८७०.३२
राजश्व बाँडफाँट	१२२५७५०२४.६४	वित्तीय/अन्य व्यवस्था	१७११४६०२४.८८
आन्तरिक आय	१०५३८६७२.९३		
अन्य आय	१४४२७६१३७.५१		
कुल आय	६६१५५५९५४.०८	कुल खर्च	६३१९४६९१७.८९
बाँकी मौज्दात		६०८५३९९४.९३	

अनुसूची - २

सि.नं	लेखापरीक्षण	लेखापरीक्षण गरिएका विषय
1	DPR खर्च	खर्च परीक्षण
2	कृषि तथा पशुतर्फ	अनुदान
3	शिक्षा तर्फ	शिक्षातर्फ
4	तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, अन्य सुविधा, नियमित परामर्श र करार सेवा)	खर्च परीक्षण
5	पदाधिकारी सुविधा	खर्च परीक्षण
6	तालिम र कार्यक्रम खर्च	खर्च परीक्षण
7	कण्टिन्जेन्सी खर्च	खर्च परीक्षण
8	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
9	सामाजिक सुरक्षा	सामाजिक सुरक्षातर्फ
10	संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत अनुदान (अख्तियारी तथा अन्य कार्यक्रम)	अनुदान
11	सफ्टवेयर खरिद र सञ्चालन खर्च	खर्च परीक्षण
12	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	खरिद व्यवस्थापन
13	अमानत, उपभोक्ता समिति र गैरसरकारी संस्थाबाट कार्य गराउने।	उपभोक्ता समिति मार्फत कार्य
14	विविध खर्च	अनुत्पादक खर्च
15	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
16	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
		नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति						
११०००	कर	९,८९,३१,७१०.०३	०	९,८९,३१,७१०.०३	७,९८,८७,४१७.८५	०	७,९८,८७,४१७.८५
१३०००	अनुदान	३५,६८,२८,९१३.८०	०	३५,६८,२८,९१३.८०	३६,६१,६९,९९३.९९	०	३६,६१,६९,९९३.९९
१४०००	अन्यराजस्व	३,३७,३७,८००.५४	०	३,३७,३७,८००.५४	१,१७,९८,३२५.७५	०	१,१७,९८,३२५.७५
१५०००	विविधप्राप्ति	४,४४,१८७.००	०	४,४४,१८७.००	७,८९,८८७.००	०	७,८९,८८७.००
क	कुलजम्मा प्राप्ति	४८,९९,४२,६११.३७		४८,९९,४२,६११.३७	४५,८६,४५,६२४.५९		४५,८६,४५,६२४.५९
३	चालु	३१,९१,२९,०२२.६९	०	३१,९१,२९,०२२.६९	३१,४२,८१,९९३.७३	०	३१,४२,८१,९९३.७३
२१०००	पारिश्रमिक / सुविधा	२५,१४,३८,६५४.९७	०	२५,१४,३८,६५४.९७	२३,७२,४३,९४७.१३	०	२३,७२,४३,९४७.१३
२२०००	मालसामानतथा सेवाको उपयोग	६,११,७७,५१९.७२	०	६,११,७७,५१९.७२	७,०३,००,२४४.६०	०	७,०३,००,२४४.६०
२५०००	सहायता (Subsidy)	४,५६,०००.००	०	४,५६,०००.००	२,८२,०००.००	०	२,८२,०००.००
२७०००	सामाजिकसुरक्षा	४७,७७,५५८.००	०	४७,७७,५५८.००	३६,१३,७१०.००	०	३६,१३,७१०.००
२८०००	अन्यखर्च	१२,७९,२९०.००	०	१२,७९,२९०.००	२८,४२,०९२.००	०	२८,४२,०९२.००
४	पुँजीगत	१४,१६,७१,८७०.३२	०	१४,१६,७१,८७०.३२	१६,८२,६९,५०९.१३	०	१६,८२,६९,५०९.१३
३१११०	भवनतथा संरचना	२,२४,३३,३६०.००	०	२,२४,३३,३६०.००	५,१२,१०,४९७.३३	०	५,१२,१०,४९७.३३
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	६७,९३,५६०.००	०	६७,९३,५६०.००	३१,३२,९९४.००	०	३१,३२,९९४.००
३११३०	अन्यपूँजीगत खर्च	१,२८,८७,७५६.००	०	१,२८,८७,७५६.००	१,०३,५५,४९२.००	०	१,०३,५५,४९२.००
३११४०	सुरक्षाउपकरण	२,७३,८८२.००	०	२,७३,८८२.००	०	०	०
३११५०	सार्वजनिकनिर्माण	९,०८,६०,७७८.३२	०	९,०८,६०,७७८.३२	१०,३१,२१,६२७.९५	०	१०,३१,२१,६२७.९५
३११६०	निर्मितसरचनाकोसुधार खर्च	६६,९९,६५९.००	०	६६,९९,६५९.००	९५,८५९.००	०	९५,८५९.००

३११७०	पूँजीगतसुधार खर्च	१७,२२,८७५.००	०	१७,२२,८७५.००	०	०	०
३१४१०	जग्गाप्राप्तिखर्च	०	०	०	३,५३,०३८.८५	०	३,५३,०३८.८५
ख)	कुलजम्मा भुक्तानी	४६,०८,००,८९३.०१		४६,०८,००,८९३.०१	४८,२५,५१,५०२.८६		४८,२५,५१,५०२.८६
ग)	बचत /कमी (ग = क-ख)	२,९१,४१,७१८.३६		२,९१,४१,७१८.३६	(२,३९,०५,८७८.२७)		(२,३९,०५,८७८.२७)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	(११,०४,१४१.१७)		(११,०४,१४१.१७)	६६,८९,६८८.९६		६६,८९,६८८.९६
घ.१)	कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी				(१,७८,३९७.७७)		(१,७८,३९७.७७)
ङ)	यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	२,८०,३७,५७७.१९		२,८०,३७,५७७.१९	(१,७२,१६,१८९.३१)		(१,७२,१६,१८९.३१)
च)	गतआ.व.को नगद तथा बैंक मौज्दात	३,१२,४४,९५८.७४		३,१२,४४,९५८.७४	४,८२,५६,७९४.६०		४,८२,५६,७९४.६०
छ)	विनिमयनाफा/घाटा तथा अन्य समायोजन						
ज)	आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	५,९२,८२,५३५.९३		५,९२,८२,५३५.९३	३,१०,४०,६०५.२९		३,१०,४०,६०५.२९

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।